नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १५] काठमाडौं, कार्तिक २ गते २०२२ साल [संख्या २६

श्री ५ को सरकार

अर्थ मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको उखडासम्बन्धी (दोस्रो संशोधन) नियमहरू, २०२२ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

उखडासम्बन्धी (दोस्रो संशोधन) नियमहरू, २०२२

उखडासम्बन्धी नियमहरू, २०२१ (यसपछि मूल नियम भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले उखडासम्बन्धी ऐन, २०२१ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम उखडासम्बन्धी (दोस्रो संशोधन) नियम ११ राखिएको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. मूल नियमको नियम ११ मा संशोधन :– मूल नियमको नियम ११ को सट्टा निम्न-लिखित नियम ११ राखिएको छ :–

११ जग्गा धनीको नाममा जग्गा दर्ता हुने :– देहायका अवस्थामा देहायको जग्गा सम्बन्धित जग्गाधनीको नाममा दर्ता हुने छ :–

(क) ऐनको दफा ४ को उप–दफा (१) को खण्ड (क) बमोजिम पहिलो किस्ता नबुझाइएको जग्गा, वा

(ख) ऐनको दफा ४ बमोजिम तोकिएको किस्ताको रकम म्यादभित्र नबुझाए-बापत लिलाम बढाबढ हुँदा कसैले सकार नगरेको जग्गा ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त,
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।